# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन ६ गते २०५९ साल (संख्या १५

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यमा ड्राइसेल र ब्याट्री (Drycell and Battery) उत्पादन तथा बिक्री वितरण गर्दा र नेपाल अधिराज्यमा आयात गर्दा नेपाल गुणस्तर (ने.गुण) नं. २८०–२०४९ बमोजिमको गुणस्तर अनिवार्य रूपमा अपनाउनु पर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारको २०५९ साल जेठ ३० गतेको निर्णयानुसार निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी २०५९ साल असार ७ गतेको निर्णयानुसार देहायबमोजिम पदस्थापन गरिएको छ ।

| क.सं. | नाम, थर | पदस्थापन गरिएको पद र मन्त्रालय । सचिवालय । आयोग । कार्यालय |
|---|---|---|
| १. | श्री मधुरमण आचार्य | सचिव, परराष्ट्र मन्त्रालय |
| २. | श्री पूर्णप्रसाद मानन्धर | सचिव, मन्त्रिपरिषद् सचिवालय |
| ३. | श्री भोजराज घिमिरे | सचिव, राष्ट्रिय योजना आयोग |
| ४. | श्री हेमराज शर्मा पौडेल | सचिव, लोक सेवा आयोग |
| ५. | श्री बालकृष्ण प्रसाई | क्षेत्रीय प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय |
| ६. | श्री देवराज रेग्मी | कार्यकारी सचिव, जल तथा शक्ति आयोगको सचिवालय |
| ७. | श्रीमती ऋद्धिबाबा प्रधान | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ८. | श्री विजयराज भट्टराई | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ९. | श्री रवीन्द्रमान जोशी | क्षेत्रीय प्रशासक, मध्य पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय |
| १० | श्री मदनप्रसाद अर्याल | सचिव, रक्षा मन्त्रालय |
| ११. | श्री कीर्तिबहादुर चन्द ठकुरी | सचिव, कृषि तथा सहकारी मन्त्रालय |
| १२. | श्री माधवप्रसाद घिमिरे | महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४

| | |
|---|---|
| १३. श्री विष्णुदत्त उप्रेती | क्षेत्रीय प्रशासक, सुदूर पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय |
| १४. श्री टीकादत्त निरौला | सचिव, गृह मन्त्रालय |
| १५. श्री कृष्णप्रसाद शर्मा भण्डारी | क्षेत्रीय प्रशासक मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय |
| १६. श्री कृष्णप्रसाद अधिकारी | सचिब, स्थानीय बिकास मन्त्रालय |
| १७. श्री मुकुन्द्र शर्मा पौडेल | सचिव, सूचना तथा सञ्चार मन्त्रालय । |

## सूचना २

श्री ५ को सरकारको २०५९ साल असार ७ गतेको निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री ध्रुवजी अधिकारीलाई पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयको क्षेत्रीय प्रशासक पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
पूर्णप्रसाद मानन्धर
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ५१ भाग २ मिति २०५८।१२।२५ मा नेपाल राजपत्रमा प्रकाशित आयकर ऐन, २०५८ को दफा ८५ को उपदफा २ को खण्ड(क) को दोस्रो हरफमा "दफा ९० को उपदफा (४) मा उल्लिखित समयमा" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।